# छत्रदेव जनस्वास्थ्य गतिविधी

**छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाद्वारा २०८१ फाल्गुण महिनामा सञ्चालित गतिविधिहरुको सङ्गालो**

वर्षः २ | अंकः ९ | महिनाः चैत्र

## यस सामग्रीमा समावेश भएका विषयवस्तुहरुः

*१. २०८१ फाल्गुण महिनामा सञ्चालित क्रियाकलापको विवरण*

*२. खकार नमूना सङ्कलन तथा स्लाइड तयारी सम्बन्धी स्वास्थ्यकर्मीका लागि अभिमुखीकरण कार्यक्रम सम्बन्धी,*

*३. प्रजनन् रुगणता स्वास्थ्य सेवा, प्रजनन् स्वास्थ्य रुगणताको एकीकृत स्क्रिनिङ्ग तथा व्यवस्थापन कार्यक्रम सम्बन्धी,*

## २०८१ फाल्गुण महिनामा छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा द्वारा सञ्चालित क्रियाकलापहरुः

*१. स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठक सम्पन्न*

*४. क्षयरोग निदानका लागिखकार नमूना सङ्कलन तथा स्लाइड तयारी सम्बन्धी स्वास्थ्यकर्मीका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न,*

*२. प्रजनन् रुगणता स्वास्थ्य सेवा, प्रजनन् स्वास्थ्य रुगणताको एकीकृत स्क्रिनिङ्ग तथा व्यवस्थापन कार्यक्रम सम्पन्न,*

*३. २०८१ फाल्गुण महिनामा सम्पादन गरिएका क्रियाकलापहरु*

## मासिक समीक्षा बैठक सम्पन्न

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखहरुको सहभागिता तथा स्वास्थ्य शाखा प्रमुखको अध्यक्षतामा माघ महिनाको मासिक समिक्षा बैठक २०८१ फाल्गुण ९ गते सम्पन्न भएको थियो । छत्रदेव गाउँपालिकामा सम्पन्न बैठकमा माघ महिनामा स्वास्थ्य संस्थाहरुमा सञ्चालित क्रियाकलापहरुको समीक्षा गरिएको थियो । महिनाभर सञ्चालित क्रियाकलापको प्रभावकारिता सम्बन्धमा आवश्यक छलफल गरी सुझाव लिनेदिने कार्य गरिएको थियो। स्वास्थ्य संस्थाहरुले DHIS2 मा तथ्याङ्क प्रविष्टी गर्ने कार्य पुरा गरेकोले स्वास्थ्य शाखाबाट भेरिफकेशन गरी तथ्याङ्कमा देखिएका समस्याहरुको बारेमा सुधारका लागि पृष्ठपोषण दिने लिने कार्य गरिएको थियो। साथै HPV खोप अभियान सफलतापूर्वक सम्पन्न भएकोमा DHIS2 मा प्रगती विवरण प्रविष्टी नगरेका स्वास्थ्य संस्थाले तत्काल प्रविष्टि गर्ने निर्णय समेत गरिएको थियो।

## क्षयरोग निदानका लागि खकार नमूना सङ्कलन तथा स्लाइड तयारी सम्बन्धी स्वास्थ्यकर्मीका लागि अभिमुखीकरण कार्यक्रम सम्पनः

क्षयरोग नेपालका प्रमुख जनस्वास्थ्य समस्याहरु मध्ये एक समस्या हो । कमजोर आर्थिक अवस्था, चेतना तथा तथ्य ज्ञानको कमी, स्वास्थ्य सेवाको पहुँचको कमी तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने सेवाहरुको वारेमा समुदायमा जानाकारीको कमी जस्ता कारणले क्षयरोग समुदायमा व्याप्त छ । समुदायमा क्षयरोगका संक्रमित व्यक्तिहरु लामो समय सम्म लुकेर रहन सक्ने तथा परीक्षणको अभावमा निदान नहुदा उनिहरुको उचित उपचार नभई कमजोर अवस्थामा पुगेपछि मात्र निदान हुँदा धेरैले यस रोगको कारण ज्यान गुमाइ रहेका छन। समयमा निदान तथा उपचार हुन नसक्दा उनिहरुबाट रोगको निदान हुनु पुर्वनै धेरै मानिसलाई सार्न सक्ने र यो रोग समुदायमा भित्र भित्रै फैलिरहेको हुने भएकोले समुदायमा लुकेर रहेका क्षयरोगीको निदान गरी उपचारमा ल्याउने प्रयास गरिन्छ।

आर्थिक वर्ष २०७५/०७६ मा सम्पन्न क्षयरोग प्रिभ्यालेन्स सर्भेक्षणको नतिजा अनुसार वार्षिक रुपमा नयाँ विरामी ६९०००(२४५/१००००० जनसंख्यामा) थपिने गरेको तथ्य सार्वजनिक भएको तर यस अघी वार्षिक रुपमा ४४००० नयाँ क्षयरोगका विरामी हुने अनुमान गरिएको थियो। तर करिव २७००० क्षयरोगका विरामी वार्षिक रुपमा पत्ता लागि उपचारको दायरामा आएको पाइएको छ भने वार्षिक रुपमा १७००० मानिसको ज्यान क्षयरोगको कारण जाने गरेको तथ्याङ्क रहेको छ।

प्रिभ्यालेन्स सर्भेक्षणको नतिजा अनुसार वार्षिक अनुमानित क्षयरोगी संख्या र रोग पत्ता लागि उपचारमा आउने गरेको संख्या लाई हेर्दा करिव ६० प्रतिशत सम्भावित क्षयरोग प्रभावित व्यक्तिहरुको रोग पत्ता लगाई उपचारको दायरामा ल्याउनु राष्ट्रिय क्षयरोग कार्यक्रमको चुनौती रहेको छ । यस अवस्थालाई मनन् गरी नेपाल सरकारले नविनतम क्रियाकलापहरु समावेश गरी राष्ट्रिय रणनीतिक योजना २०७८/०७९ – २०८२/०८३ तयार गरी कार्यन्वयनमा आएको छ । यिनै नविनतम क्रियाकलाप मध्ये क्षयरोग मुक्त नेपाल अभियान पनि एक हो।

यस मार्फत स्थानीय तहलाई जवाफदेही बनाउँदै उल्लेखित चुनौतीलाई सामना गर्न सहयोगी सिद्ध हुन गई नेपाल सरकारले आत्मसात गरेको सन् २०५० भित्रमा क्षयरोगलाई प्रति दश लाख जनसंख्यामा एक जना भन्दा कममा ल्याउने नेपाल सरकारको सोंच रहेको छ । स्थानीय तहमा गहन रुपमा क्षयरोग पहिचान, निदान, रोकथाम, उपचार, हेरचाह तथा सहयोग सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न वाञ्छनीय भएकोले जनस्वास्थ्य

## क्षयरोग निदानका लागि .........

सेवा ऐन, २०७५ को दफा ६४ (मापदण्ड, निर्देशिका वा कार्यविधि बनाउने अधिकारःमन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ) ले दिएको अधिकार प्रयोग गरी सन् २०५० सम्ममा क्षयरोगलाई प्रति दश लाख जनसंख्यामा १ जना भन्दा कम ल्याउने अर्थात क्षयरोग मुक्त नेपाल निर्माण गर्ने दीर्घकालिन सोंच अनुसार क्षयरोग मुक्त नेपाल अभियान सञ्चालन निर्देशिका, २०७८ जारी भई कार्यन्वयनमा आएको छ ।

छत्रदेव गाउँपालिकामा पनि गत आर्थिक वर्षदेखि यस कार्यक्रमको सुरुवात भई गाउँपालिका स्तरीय समिति तथा वडा स्तरीय समिति निर्माण एवं अभिमुखीकरण गर्नुको साथै सबै वडामा शुक्ष्मयोजना समेत निर्माण गरिएको भएपनि शुक्ष्मयोजनाको प्रभावकारी कार्यन्वयन हुन नसक्दा र समयमा कार्यक्रमको बजेट उपलब्ध नहुँदा क्षयरोग पत्ता लाग्ने दर विगत वर्षहरुमा भन्दा कम भएको तथा स्वास्थ्य संस्थामा आउने सङ्कास्पद विरामीहरुको समेत परीक्षण हुन नसकेको सन्दर्भ र भविश्यमा घरघरमा स्वयंसेवक परिचालन गरी सङ्कास्पद क्षयरोगीको खोजी गर्ने कार्यक्रम भएकोले यस प्रकारका सङ्कास्पद क्षयरोगीहरुको खकार नमूना सङ्कलन गरी सम्बन्धित स्वास्थ्य संस्थामै स्लाईड तयारी गरी धेरै भन्दा धेरै सङ्कास्पद क्षयरोगीको नमूना प्रयोगशालामा परीक्षण गरी क्षयरोगी पत्ता लगाई उपचारमा ल्याउन सहयोग पुग्ने विश्वासले यस कार्यक्रमको आयोजना गरिएको हो ।

गाउँपालिकामा सञ्चालन गरिएको यस कार्यक्रम गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठको अध्यक्षता, गाउँपालिका उपाध्यक्ष मनी पन्थी, प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डे, स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपाने, क्षयरोग मुक्त अभियान संयोजक अस्मिता घिमिरे, बरिष्ट ल्याव असिस्टेन्ट होमनाथ वि क गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाका २/२ जना स्वास्थ्यकर्मीको सहभागितामा सम्पन्न भएको थियो । क्षयरोग मुक्त अभियान संयोजक अस्मिता घिमिरेको सञ्चालनमा सम्पन्न




## क्षयरोग निदानका लागि .........

उक्त कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपानेले क्षयरोगको Epidemiology, बर्तमा अवस्था, छत्रदेव गाउँपालिकाको बिगत देखि वर्तमान सम्मको क्षयरोग पत्ता लाग्ने दर तथा उपचार सफलता दर लगायतका विषयमा प्रकाश पार्नुभएको थियो भने खकार नमूना सङ्कलन तथा स्लाइड तयारी सम्बन्धी सीप होमनाथ वि क ले सिकाउनु भएको थियो । कार्यक्रममा सहभागी सबैलाई पालैपालो खकार नमूनाबाट स्लाइड बनाउन लगाई सीपमा दक्ष बनाउने प्रयास गरिएको थियो भने उक्त कार्यमा सहभागीहरुको पनि उत्साहपूर्ण सहभागिता रहेको थियो ।

## प्रजनन् रुग्णता स्वास्थ्य सेवा, प्रजनन् स्वास्थ्य रुग्णताको एकीकृत स्क्रिनिङ्ग तथा व्यवस्थापन कार्यक्रम सम्पन्नः

नेपालमा महिला तथा दम्पत्तिमा हुने प्रमुख प्रजनन् रुग्णता जस्तैः स्तन क्यान्सर, अब्ट्रेटिक फिस्टुला, आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, बाँझोपन, महिलाको तल्लो पेट सम्बन्धी समस्या, आदि जस्ता समस्याहरुको एकिकृत रुपमा पहिचान गर्न स्वास्थ्य संस्थामा आएका सेवाग्राही महिला तथा दम्पत्तिलाई लक्षित समूह भित्र पर्ने नपर्ने एकीन गरी सोही समयमानै सम्पूर्ण रुग्णताको परीक्षण गरी सोही अनुरुप समस्याको व्यवस्थापन वा आवश्यक परेमा प्रेषण समेत गर्ने व्यवस्था मिलाउन प्रजनन् स्वास्थ्य सेवा, प्रजनन् स्वास्थ्य रुग्णताको स्क्रिनिङ तथा व्यवस्थापन कार्यक्रमले मद्धत गर्दछ ।

छत्रदेव गाउँपालिकामा पनि गाउँपालिका अन्तर्गतको दुन्द्रुक आधारभूत स्वास्थ्य केन्द्र तथा अर्घातोष स्वास्थ्य चौकीको सेवाक्षेत्रमा लुकेर रहेका प्रजनन् स्वास्थ्य समस्याहरुको पहिचान तथा व्यस्थापन गर्ने साथै गर्भवती तथा परिवार नियोजन सेवा समेत उपलब्ध गराउने उद्धेश्यले प्रजनन् स्वास्थ्य रुग्णताको स्क्रिनिङ्ग तथा व्यवस्थापन सेवा सञ्चालन गरी महिलाहरुको तल्लो पेट सम्बन्धी समस्याहरुको स्क्रिनिङ्ग, निदान, उपचार तथा प्रेषण सेवा, पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग सेवा, आङ्ग खस्ने समस्याको स्क्रिनिङ तथा व्यवस्थापन सम्बन्धी सेवा, परिवार नियोजनको इम्प्लान्ट सेवा, स्वास्थ्य शिक्षा तथा परामर्श सेवा, निःशुल्क औषधी सेवा लगायतका सेवाहरुलाई एकीकृत रुपमा प्रदान गरिएको थियो । स्थानीय स्वास्थ्य संस्थास्तरमै पुगेर प्रजनन् स्वास्थ्य सेवा प्रदान गर्दा कमजोर आर्थिक अवस्था, चेतनाको कमी, समयको कमी, गोपनियता नरहने डर लगायतका कारणले समस्या भएका सेवाग्राही पनि सेवा लिन टाढा टाढा पुग्न नसकी समस्या जटिल भएपछि मात्र परीक्षण गराउँदा समस्या जटिल बनिसकेको कारण धेरै महिलाहरु अकालमा मृत्युवरण गर्नुपरेको,

## प्रजनन् रुग्णता स्वास्थ्य सेवा .........

ठूलो धनराशी खर्च हुनुको साथै महिलाहरुले धेरै दुःख पाउने गरेको परिस्थितीलाई मध्यनजर गरी स्वास्थ्य संस्था प्रमुखहरु सहितको बैठकबाट छलफल गरी दुन्द्रुक आधारभूत स्वास्थ्य केन्द्र तथा अर्घातोष स्वास्थ्य चौकीको सेरोफेरोमा त्यस प्रकारका समस्याहरु भएका वा संका लागेका सेवाग्राहीलाई सेवा प्रदान गर्ने साथै स्वास्थ्यलाई प्राथमिकता दिन नागरिकलाई सन्देश समेत प्रदान गरी सबैका लागि स्वास्थ्य भन्ने नारा साकार पार्न सहयोग पुग्ने उद्धेश्यले यस कार्यक्रमको आयोजना गरिएको हो । लक्षित जनसंख्याको प्रजनन् स्वास्थ्य रुग्णताको निशुल्क परीक्षण गरी प्रारम्भिक व्यवस्थापन गर्ने र स्क्रिनिङका क्रममा कुनै जटिल समस्या भेटिएमा वा संका लागेमा सम्बन्धित समस्याको निदान तथा उपचार व्यवस्थापन हुने अस्पतालमा पठाई नागरिकको दुःख तथा खर्चलाई कम गर्न मद्धत गर्नुनै यस कार्यक्रमको प्रमुख उद्धेश्य हो ।

कोभिड-१९ को सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गरी भौतिक दुरी कायम गर्ने प्रयास सहित तथा व्यक्तिगत सुरक्षाका समाग्रीहरुको प्रयोग गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा स्थानीय महिला स्वास्थ्य स्वयं सेविकाहरु, स्वास्थ्यकर्मी तथा सर्वजनिक सूचनाको माध्यमबाट समुदायमा कार्यक्रमको वारेमा जानकारी गराई उपस्थित हुन लगाइएको थियो । स्थानीय दलित, जनजाती तथा ब्राम्ह्यण क्षेत्री समूदायका मानिसहरुको समेत सहभागितामा पहिलो चरणमा उद्घाटन अन्तरक्रिया तथा स्वास्थ्य शिक्षाको कार्यक्रम गरिएको थियो । कार्यक्रमको सञ्चालन सम्बन्धित दुबै स्थानमा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीबाट भएको र उक्त कार्यक्रमको अध्यक्षता सम्बन्धित वडाका वडाध्यक्षबाट भएको थियो भने उद्घाटन गाउँपालिका उपाध्यक्ष मनी पन्थीले गर्नु भएको थियो । गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेको समेत आतिथ्यता रहेको कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपानेले कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्दै कार्यक्रमको उद्धेश्यमाथी प्रकाश पार्नु भएको थियो । बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत, तथा नर्सिङ कर्मचारीहरु, गाउँपालिका अन्तर्गतका



## प्रजनन् रुग्णता स्वास्थ्य सेवा ..........

स्वास्थ्य संस्थाका प्रमुख तथा स्वास्थ्यकर्मीहरु लगायत सेवाग्राहीहरुको उपस्थिती रहेको थियो ।



कार्यक्रमको दोश्रो तथा मुख्य चरणमा चिकित्सक तथा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारी तथा स्वास्थ्यकर्मी लगायतले सेवा प्रदान गर्नु भएको थियो । उक्त कार्यक्रममा दुन्द्रुक आधारभूत स्वास्थ्य केन्द्रमा ८९ जना र तथा अर्घातोष स्वास्थ्य चौकीमा ७८ जना गरी जम्मा १६७ जना सेवाग्राहीहरलाई सेवा प्रदान गरिएकोमा ११५ जना सेवाग्राहीको पाठेघरको मुखको क्यान्सर तथा आङ्ग खसे नखसेको स्क्रिनिङ्ग सेवा प्रदान गरिएको थियो । पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गरिएका मध्ये ६ जनाको पाठेघर खसेको,१ जनामा संकास्पद पाठेघरको मुखको क्यान्सर र १ जनामा संकास्पद ट्यूमर भएको पाइएकोमा उनिहरुलाई परामर्श सहित प्रेषण गरिएको थियो ।




कार्यक्रममा प्रजनन् अंग सम्बन्धी संक्रमण लगायतका समस्या भएका सेवाग्राहीलाई आवश्यकता अनुसार निःशुल्क औषधी समेत वितरण गरिएको थियो । कार्यक्रममा प्रजनन् स्वास्थ्य सम्बन्धी विषयमा स्वास्थ्य शिक्षा समेत प्रदान गरिएको थियो ।

## छत्रदेव गाउँपालिका तथा मातहतका निकायहरुबाट २०८१ फाल्गुण महिनामा प्रदान गरिएका सेवा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सेवाग्राहीको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | नयाँ सेवाग्राही | ७२५ | ५२३ | १२४८ | |
| २ | जम्मा सेवाग्राही/नयाँ तथा पुरानो | १८१८ | ११९० | ३००८ | |
| ३ | किशोर किशोरी सेवाग्राही संख्या | १८५ | १६८ | ३५३ | |
| ४ | ज्येष्ठ नागरिक सेवाग्राही | ६२४ | ५६७ | ११९१ | |
| ५ | बहिरंग सेवाका सेवा ग्राही नयाँ | १५२८ | ९५१ | २४७९ | |
| ६ | बहिरंग सेवाका सेवा ग्राही पुरानो | ८५४ | ६३८ | १४९२ | |
| ७ | नियमित खोप सेवा प्रदान गरिएको | ८४ | ९५ | १७९ | |
| ८ | पूर्ण खोप पाएका बालबालिका | १५ | ७ | २२ | |
| ९ | बृद्धि अनुगमन गरेको नयाँ ०-२३ महिनाका बालबालिका | ९ | १२ | २१ | औषत भेट २० पटक |
| १० | बृद्धि अनुगमन गरेको पुराना ०-२३ महिनाका बालबालिका | १८८ | २०७ | ३९५ | |
| ११ | कम तौल भएका बालबालिका संख्या | ० | ० | ० | |
| १२ | पहिलो पटक गर्भजाँच गरेको संख्या | १८ | | १८ | |
| १३ | प्रोटोकल बमोजिम चार पटक गर्भजाँच गरेको संख्या | १५ | | १५ | |
| १४ | २० बर्ष मुनिका गर्भवती संख्या | २ | | २ | |
| १५ | प्रोटोकल बमोजिम आठ पटक गर्भजाँच गरेको संख्या | १३ | | १३ | |
| १६ | स्वास्थ्य संस्थामा प्रसूति संख्या | ७ | | ७ | |
| १७ | स्वास्थ्य संस्थामा CB-IMNCI मा सेवा दिएको | ५६ | ५१ | १०७ | |
| १८ | कण्डम वितरण गोटा | | | ६०५० | CPR 36.97 % |
| १९ | प.नि. साधन नयाँ प्रयोगकर्ता | ९ | | ९ | |
| २० | प.नि. साधन नयाँ प्रयोगकर्ता <२० बर्ष | २ | | २ | |
| २१ | प.नि. साधन लगातार प्रयोगकर्ता | १००४ | १३३ | ११३७ | |
| २२ | यस महिनामा दर्ता भएका क्षयरोगी | ० | २ | २ | |
| २३ | यस महिनामा दर्ता भएका कुष्ठरोगी | ० | ० | ० | |
| २४ | गाउँघर क्लिनिक | | | २७२ | |
| २५ | म.स्वा.से. | | | १४६७ | |
| २६ | विपन्न नागरिक उपचार कोष सिफारिस | २ | ४ | ६ | |
| २७ | प्रदेश स्वास्थ्य उपचार विशेष सिफारिस | ० | ० | ० | |
| २८ | अति असाध्य रोग राहत सिफारिस | ४ | ६ | १० | |

छत्रदेव गाउँपालिकाका स्थायी बासिन्दा तथा कर्चारीहरुलाई नि:शुल्क रुपमा रगत र रगतजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा छत्रदेव गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी, रक्त सञ्चार सेवा केन्द्र, रुपन्देही (बुटवल/भैरहवा) बीच सम्झौता भई कार्यान्वयनमा आएकाले रुपन्देही जिल्लाभित्र सञ्चालनमा रहेका सरकारी, सामुदायिक तथा निजी अस्पतालहरुमा उपचारको क्रममा रगत र रगतजन्य पदार्थ आवश्यक परेमा रक्तसञ्चार केन्द्रमा सम्पर्क गरी सुविधा लिनुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

**सम्पर्क नं. ९८५७०२६०४८, ९८५७०२६०४८**

**नसर्ने रोगहरुको पहिचानका लागि एक महिने अभियान**
**फागुन २०८१**

**उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरु:**



- नून कम भएको स्वस्थ्य र पोषिलो आहार खाने
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने
- सुर्तीजन्य पदार्थको सेवन नगर्ने
- चिकित्सकको सल्लाह पालन गर्ने
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने

आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं ।

**समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं ।**



**सम्पादक:**

**बुद्धि राम न्यौपाने**

**जनस्वास्थ्य नीरिक्षक**

**छत्रदेव गाउँपालिका**

छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
छत्रगञ्ज, अर्घाखाँची